## पाँचखाल नगरपालिकाको

# आर्थिक ऐन, २०७५

पाँचखाल, काभ्रेपलाञ्चोक
३ प्रदेश, नेपाल

नगर सभाबाट स्वीकृत मिति : २०७५।०३।१७

# आर्थिक ऐन, २०७५

**प्रस्तावना :** पाँचखाल नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तेस्रो नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि पाँचखाल नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर :** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरी सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

३. **भूमि कर (मालपोत) :** भूमि कर (मालपोत) नगरपालिकाले तोकेबमोजिम हुनेछ तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन ।

४. **घर जग्गा बहाल करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची (२) मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

५. **व्यवसाय करः** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (३) मा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनसूची (५) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ।

*स्पष्टीकरण:* यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ।

(२) उपदफा (१) बमोजिमका वस्तुको ब्यवसायिक कारोवार गर्ने ब्यक्ती वा संस्थालाई नगरपालिकाले ब्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ।

७. **सवारी साधन कर:**(१) नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ। तर टाँगा, रिक्सा, अटोरिक्सा तथा विद्युतीय रिक्सामा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (६) बमोजिम हुनेछ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ।

८. **विज्ञापन कर:**(१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचार प्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

९. **मनोरञ्जन कर:**(१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमा हल, सांस्कृतिक प्रदर्शन हल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम नगरपालिकाले अनुसूची (८) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ ।

(२)उप दफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (९) बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,
(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,
(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

११. **पार्किङ्ग शुल्क:**(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (१०) मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

१२. **सेवा शुल्क, दस्तुरः**(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ऱ्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा  सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,
(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,
(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्ट हाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाह गृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,
(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,
(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,
(च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,
(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, “घ” बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइनेर उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (११) मा उल्लेख भएबमोजिम हुनेछ ।

१३. **विक्री तथा निकासी शुल्क** :(१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमा क्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (१३) मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम विक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट गरिने छ ।

**१४.घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

**१५. दण्ड जरिवाना :**(१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१६. कर छुट :** (१) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

*स्पष्टीकरण:* लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(२) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(३) कानूनमा व्यवस्था भएको अवस्थामा वाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

**१७. प्रशासकीय पुनरावलोकन र पुनरावेदन** :(१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

**१८.ठेक्का आह्वान गर्न सक्ने** :(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु

अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

१९. **सहयोग गर्नुपर्ने :**संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२०. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :** नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२१. **कार्यविधि बनाउन सक्ने :**(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२२. **प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## अनुसूची १

(ऐनको दफा २ को उपदफा(२) संग सम्बन्धित)

## सम्पत्ति करको दर

| क्र.सं. | विवरण | सम्पत्ति कर | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १ | रु. १ देखि ३ लाख सम्म | रु.५० | पचास रुपैया मात्र |
| २ | रु. ३ लाख १ देखि ४ लाख सम्म | रु.७५ | पचहत्तर रुपैया मात्र |
| ३ | रु. ४ लाख १ देखि ५ लाख सम्म | रु.१०० | एक सय रुपैया मात्र |
| ४ | रु. ५ लाख १ देखि ६ लाख सम्म | रु.१२५ | एक सय पच्चिस रुपैया मात्र |
| ५ | रु. ६ लाख १ देखि ७ लाख सम्म | रु.१५० | एक सय पचास रुपैया मात्र |
| ६ | रु. ७ लाख १ देखि ८ लाख सम्म | रु.१७५ | एक सय पचहत्तर रुपैया मात्र |
| ७ | रु. ८ लाख १ देखि ९ लाख सम्म | रु.२०० | दूई सय रुपैया मात्र |
| ८ | रु. ९ लाख १ देखि १० लाख सम्म | रु.२२५ | दुइ सय पच्चिस रुपैया मात्र |
| ९ | रु. १० लाख १ देखि १२ लाख सम्म | रु.२५० | दुइ सय पचास रुपैया मात्र |
| १० | रु. १२ लाख १ देखि १४ लाख सम्म | रु.३०० | तीन सय रुपैया मात्र |
| ११ | रु. १४ लाख १ देखि १६ लाख सम्म | रु.३५० | तीन सय पचास रुपैया मात्र |
| १२ | रु. १६ लाख १ देखि १८ लाख सम्म | रु.३८० | तीन सय असी रुपैया मात्र |
| १३ | रु. १८ लाख १ देखि २० लाख सम्म | रु.४०० | चार सय रुपैया मात्र |
| १४ | रु. २० लाख १ देखि २२ लाख सम्म | रु.५०० | पांच सय रुपैया मात्र |
| १५ | रु. २२ लाख १ देखि २४ लाख सम्म | रु.५५० | पांच सय पचास रुपैया मात्र |
| १६ | रु. २४ लाख १ देखि २६ लाख सम्म | रु.६५० | छ सय पचास रुपैया मात्र |
| १७ | रु. २६ लाख १ देखि २८ लाख सम्म | रु.८०० | आठ सय रुपैया मात्र |

| | | | |
|---|---|---|---|
| १८ | रु. २८ लाख १ देखि ३० लाख सम्म | रु.१००० | एक हजार रुपैया मात्र |
| १९ | रु. ३० लाख १ देखि ३४ लाख सम्म | रु.१२०० | एक हजार दूइ सय रुपैया मात्र |
| २० | रु. ३४ लाख १ देखि ३८ लाख सम्म | रु.१५०० | एक हजार पांच सय रुपैया मात्र |
| २१ | रु. ३८ लाख १ देखि ४२ लाख सम्म | रु.२००० | दुइ हजार रुपैया मात्र |
| २२ | रु. ४२ लाख १ देखि ४६ लाख सम्म | रु.२५०० | दुइ हजार पांच सय रुपैया मात्र |
| २३ | रु. ४६ लाख १ देखि ५० लाख सम्म | रु.३००० | तीन हजार रुपैया मात्र |
| २४ | रु. ५० लाख १ देखि ६० लाख सम्म | रु.३५०० | तिन हजार पाच सय रुपैया मात्र |
| २५ | रु. ६० लाख १ देखि ७० लाख सम्म | रु.४५०० | चार हजार पाच सय रुपैया मात्र |
| २६ | रु. ७० लाख १ देखि ८० लाख सम्म | रु.६००० | छ हजार रुपैया मात्र |
| २७ | रु. ८० लाख १ देखि ९० लाख सम्म | रु.८००० | आठ हजार रुपैया मात्र |
| २८ | रु. ९० लाख १ देखि १ करोड सम्म | रु.१०००० | दश हजार रुपैया मात्र |
| २९ | रु. १ करोड १ देखि १ करोड २० लाख सम्म | रु.१२००० | वाह्र हजार रुपैया मात्र |
| ३० | रु. १ करोड २० लाख १ देखि १ करोड ६० लाख सम्म | रु.१६००० | सोह्र हजार रुपैया मात्र |
| ३१ | रु. १ करोड ६० लाख १ देखि २ करोड सम्म | रु.२०००० | विस हजार रुपैया मात्र |
| ३२ | रु. २ करोड १ देखि २ करोड २० लाख सम्म | रु.२५००० | पच्चिस हजार रुपैया मात्र |
| ३३ | रु. २ करोड २० लाख १ देखि ३ करोड ३० लाख सम्म | रु.४०००० | चालिस हजार रुपैया मात्र |
| ३४ | रु. ३ करोड २० लाख १ देखि ४ करोड सम्म | रु.५०००० | पचास हजार रुपैया मात्र |
| ३५ | रु. ४ करोड १ देखि ५ करोड सम्म | रु.६०००० | साठी हजार रुपैया मात्र |
| | | | |
| **रु. ५ करोड १ देखि माथि जति भए पनि १ रुपैया ५० पैसा प्रति हजारका दरले एकीकृत सम्पत्ति कर लाग्ने** | | | |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

**अनुसूची २**

(ऐनको दफा ४ को उपदफा(२) संग सम्बन्धित)

## घर जग्गा बहाल करको दर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा १० प्रतिशतका दरले बहाल कर लिइने छ ।

**अनुसूची ३**

(ऐनको दफा ५ को उपदफा(३) संग सम्बन्धित)

## ब्यबसाय इजाजत (दर्ता नबिकरण) दस्तुरको दर

| क. सं | व्यबसायको किसिम | दस्तुर रकम रु | कैफियत |
|---|---|---|---|
| | **नक्सा डिजाइन** | | |
| १ | इजाजत पत्र | ५००० | |
| २ | इजाजत पत्र नविकरण | ३५०० | |
| ३ | नविकरण थप (३ महिना नाघेमा) | ३५०० | |
| ४ | प्रतिलिपी | १५०० | |

**अनुसूची ४**

(ऐनको दफा ५ को उपदफा(५) संग सम्बन्धित)

## ब्यबसाय करको दर

| क्र.स | व्यवसायको किसिम | दस्तुर रकम रु | कैफियत |
|---|---|---|---|
| १ | चुरोट रक्सी समेतको खुद्रा पसलहरु | ३,०००।०० | |
| २ | चुरोट रक्सी समेतको थोक पसलहरु | ४,०००।०० | |
| ३ | मन्दिर परिसरमा फुलपाती र अन्य सामान विक्री | १,०००।०० | |
| ४ | ज्वेलरी पसल | ६,०००।०० | |
| ५ | भिडियो क्यासेट पसल (रेकर्डर तथ प्लेयर) | | |
| ५.१ | रु १,००,०००।०० सम्म पूजी भएको | १,५००।०० | |
| ५.२ | रु २,००,०००।०० सम्म पूजी भएको | २,५००।०० | |
| ५.२ | रु २,००,०००।०० भन्दा माथि पूजी भएको | ४,०००।०० | |
| ६ | निर्माण सामाग्री विक्रेता | | |
| ६.१ | रु ५,००,०००।०० सम्म पूजी भएको | ४,०००।०० | |
| ६.२ | रु ५,००,०००।०० देखी १०,००,०००। सम्म पूजी भएको | ६,०००।०० | |
| ६.३ | रु.१०,००,०००। देखी २०,००,०००। सम्म | ८,०००।०० | |
| ६.४ | रु २०,००,०००।०० भन्दा माथी पूजी भएको | १५,०००।०० | |
| | | | |
| ७ | कम्प्यूटर, विद्युत सामान, क्यामेरा, टेलिभिजन मर्मत, कार्पेट पसल आदिमा | | |
| ७.१ | रु १,००,०००।०० सम्म पूजी भएको | २,०००।०० | |
| ७.२ | रु २,५०,०००।०० सम्म पूजी भएको | ३,०००।०० | |
| ७.३ | रु २,५०,०००।०० भन्दा माथि पूजी भएको | ४,०००।०० | |
| ८ | रेडियो मर्मत तथा विक्री | १,५००।०० | |
| ९ | पेट्रोलियम पदार्थ थोक (पेटोल पम्प) | २०,०००।०० | |
| ९.१ | पेट्रोलियम पदार्थ (पेटोल मात्र) | १०,०००।०० | |
| ९.२ | पेट्रोलियम पदार्थ (डिजेल मात्र) | १०,०००।०० | |

| | | | |
|---|---|---|---|
| **९.३** | मट्टितेल  मात्र | ३,०००।०० | |
| **१०** | खाना पकाउने र टेम्पोमा प्रयोग हुने ग्यासको डिपो | ३,०००।०० | |
| **११** | **दैनिक खाद्य सामाग्री (खुद्रा)** | | |
| **११.१** | रु १,००,०००।०० सम्म पूजी भएको | १,५००।०० | |
| **११.२** | रु ३,००,०००।०० सम्म पूजी भएको | २,०००।०० | |
| **११.३** | रु ५,००,०००।०० सम्म पूजी भएको | ३,०००।०० | |
| **११.४** | रु ५,००,०००।०० भन्दा माथि पूजी भएको | ५,०००।०० | |
| **१२** | **कपडा तथा रेडिमेड समेत (खुद्रा र थोक दुवै)** | | |
| **१२.१** | रु १,००,०००।०० सम्म पूजी भएको | १,५००।०० | |
| **१२.२** | रु ३,००,०००।०० सम्म पूजी भएको | २,०००।०० | |
| **१२.३** | रु ५,००,०००।०० सम्म पूजी भएको | ३,०००।०० | |
| **१२.४** | रु ५,००,०००।०० भन्दा माथि पूजी भएको | ५,०००।०० | |
| **१३** | **सवारी साधान विक्रेता** | | |
| **१३.१** | मोटर साईकल | ४,०००।०० | |
| **१३.२** | ट्रयाक्टर सवै खाले | ३,०००।०० | |
| **१३.३** | जिप, कार वस र ट्रक | ५,०००।०० | |
| **१४** | स्वीकृत चिकित्सक | २,०००।०० | |
| **१५** | कविराज | १,०००।०० | |
| **१६** | ईन्जिनियर काउन्सिलमा दर्ता भएको ईन्जिनियर | २,०००।०० | |
| **१७** | कानुन व्यवसायी | २,०००।०० | |
| **१८** | लेखा परीक्षक | २,०००।०० | |
| **१९** | दन्त चिकित्सक | २,०००।०० | |
| **२०** | अनुसन्धानकर्ता र परामर्शदाता | २,०००।०० | |

| | | | |
|---|---|---|---|
| **२१** | ओभरसियर | १,०००।०० | |
| **२२** | वीमा एजेन्ट | १,५००।०० | |
| **२३** | सर्भेयर | १,५००।०० | |
| **२४** | अनुवादक | १,०००।०० | |
| **२५** | पशु चिकित्सक | २,०००।०० | |
| **२६** | शेयर दलाल | १,५००।०० | |
| **२७** | सामान ढुवानीकर्ता तथा कम्पनी | २,५००।०० | |
| **२८** | संस्थागत पेन्टर | ५,०००।०० | |
| **२९** | भवन घर निर्माण गर्ने व्यक्ति (ठेकेदार) | २,५००।०० | |
| **३०** | परामर्श दाता वा निर्माण व्यवसायी सुचीकृत दस्तुर | १,०००।०० | |
| **३१** | **निर्माण व्यवसाय ( न. पा. क्षेत्रभित्र ठेगाना )** | | |
| **३१.१** | क वर्ग | ६,०००।०० | |
| **३१.२** | ख वर्ग | ५,०००।०० | |
| **३१.३** | ग वर्ग | ४,०००।०० | |
| **३२** | **उत्पादनमूलक उद्योग** | | |
| **३२.१** | ५ HP सम्म क्षमता भएको | २,०००।०० | |
| **३२.२** | ७ HP सम्म क्षमता भएको | २,५००।०० | |
| **३२.३** | १० HP सम्म क्षमता भएको | ३,०००।०० | |
| **३२.४** | १५ HP सम्म क्षमता भएको | ५,०००।०० | |
| **३२.५** | १५ HP भन्दा माथि क्षमता भएको | ७,५००।०० | |
| **३३** | **उर्जामूलक उद्योग** | | |
| **३३.१** | गोवरग्याँस उद्योग | १,५००।०० | |
| **३३.२** | सोलार | १,५००।०० | |

| | | | |
|---|---|---|---|
| ३३.३ | अन्य उर्जामूलक उद्योग | १,५००।०० | |
| ३४ | **कृषि तथा बन्य उद्योग** | | |
| ३४.१ | कुखुरा पालन उद्योग | | |
| ३४.१.१ | १००० सम्म चल्ला राख्ने | २,०००।०० | |
| ३४.१.२ | १००० देखि ३००० सम्म चल्ला राख्ने | ३,०००।०० | |
| ३४.१.३ | ३००० देखि ५००० सम्म चल्ला राख्ने | ५,०००।०० | |
| ३४.१.४ | ५००० भन्दा माथि चल्ला राख्ने | १०,०००।०० | |
| ३४.२ | ह्याचरी समेत भएको पोल्ट्री फर्म र वातावरण संरक्षण शुल्क | २००,०००।०० | |
| ३५ | फर्निचर उद्योग | | |
| ३५.१ | स-मिल | ४,०००।०० | |
| ३५.२ | स-मिल ट्रली सहितको | ६,०००।०० | |
| ३५.३ | स-मिल नभएको सानो | १,०००।०० | |
| ३६ | कुटानी, पिसानी र पेलानी मिल एउटा मेशिन | २,०००।०० | |
| ३६.१ | प्रति थप एक मेशिनमा | १,०००।०० | |
| ३७ | **होटल व्यवसाय** | | |
| ३७.१ | **अरनिको राजमार्गको आसपासमा रहेको** | | |
| ३७.१.१ | "क" वर्गको होटेल र रिसोर्टको लागि | ६०,०००।०० | |
| ३७.१.२ | "ख" वर्गको होटेल र रिसोर्टको लागि | ४०,०००।०० | |
| ३७.१.३ | "ग" वर्गको होटेल र रिसोर्टको लागि | १५,०००।०० | |
| ३७.२ | **अरनिको राजमार्गको आसपास वाहिर रहेको** | | |
| ३७.२.१ | "क" वर्गको होटेल र रिसोर्टको लागि | २०,०००।०० | |
| ३७.२.२ | "ख" वर्गको होटेल र रिसोर्टको लागि | १०,०००।०० | |
| ३७.२.३ | "ग" वर्गको होटेल र रिसोर्टको लागि | ५,०००।०० | |

| | | | |
|---|---|---|---|
| **३७.३** | **साना पर्यटन व्यवसाय** | | |
| **३७.२.१** | रेष्टुराँ | २,०००।०० | |
| **३७.२.२** | फास्टफुड, भान्छा घर | २,०००।०० | |
| **३७.२.३** | लज मात्र भएको | २,०००।०० | |
| **३७.२.४** | भोजनालय र लज | ३,०००।०० | |
| **३७.२.४** | मिठाई पसल | २,०००।०० | |
| **३७.२.६** | चिया चमेना पसल | १,५००।०० | |
| **३७.२.७** | क्याफे | २,०००।०० | |
| **३८** | **सेवा उद्योग** | | |
| **३८.१** | छापाखाना | २००० | |
| **३८.२** | फोटोग्राफी | | |
| **३८.३** | फोटोग्राफी मात्र भएको | १,०००।०० | |
| **३८.४** | कलरल्याव समेत भएको | ४,०००।०० | |
| **३८.५** | चलचित्र व्यवसाय | १०,०००।०० | |
| **३८.६** | सार्वजनिक परिवहन व्यवसाय | १,०००।०० | |
| **३८.७** | निजी प्रयोगशाला | १००० | |
| **३८.८** | शित भण्डार | २०,०००।०० | |
| **३८.९** | अन्य सेवाहरु | ५०० | |
| **३८.१०** | डेरी उद्योग | १०,०००।०० | |
| **३८.११** | दुध संकलन केन्द्र | १,५००।०० | |
| **३८.१२** | दुध संकलन तथा प्याकेजिङ्ग | २०,०००।०० | |
| **३८.१३** | कवाडी संकलन केन्द्र | ५,०००।०० | |
| **३८.१४** | वेल्डिङ वर्कसप | १२,०००।०० | |

| | | | |
|---|---|---|---|
| **३८.१५** | ईन्जिनियरिङ वर्कसप | १२,०००।०० | |
| **३८.१६** | गाडी वडी विल्डर उद्योग | १५,०००।०० | |
| **३८.१७** | पशु/भेटेरेनरी औषधी उत्पादन उद्योग | १५,०००।०० | |
| **३९** | **पूर्वाधार विकास** | | |
| **३९.१** | सडक, पूल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, फ्लाइङ वृज निर्माण गरि सञ्चालन गर्ने उद्योग व्यवसाय | १०,०००।०० | |
| **३९.२** | औद्योगिक, व्यापारिक एव आवास कम्प्लेक्स निर्माण गरि सञ्चालन गर्ने उद्योग व्यवसाय | १०,०००।०० | |
| **३९.३** | निजी घर निर्माणको लागी एक पटकमा ४०,००० सम्म इट्टा पाक्ने सानो चिम्नी | ५,०००।०० | |
| **३९.४** | सवै किसिमका ईट उत्पादन गर्ने उद्योगहरु प्रदुषण नियन्त्रण सुल्क समेत | ५००००० | |
| **४०** | **सूचना प्रविधि** | | |
| **४०.१** | निजी क्षेत्रका हुलाक सेवा | १००० | |
| **४०.२** | टेलिफोन, फ्याक्स, ईमेल, ईन्टरनेट | २००० | |
| **४०.३** | एस. टि. डि र आई. एस डि. | १००० | |
| **४०.४** | फोटोकपी | १००० | |
| **४०.५** | कुरियर सेवा | १००० | |
| **४०.६** | छपाई तथा प्रकाशन | २,०००।०० | |
| **४०.७** | अन्य सञ्चारका नयाँ माध्यमहरु | ५०० | |
| **४१** | **वित्तिय सेवा** | | |
| **४१.१** | नेपाल सरकारका पूर्ण स्वमित्वमा रहेका वाहेकका आर्थिक कारोवार गर्ने वाँणिज्य वैकहरु | २०,०००।०० | |
| **४१.२** | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीका मुख्य कार्यालय | १०,०००।०० | |
| **४१.३** | वित्तीय कम्पनीका शाखा कार्यालय | ५,०००।०० | |
| **४१.४** | वीमा कम्पनी | १०,०००।०० | |
| **४१.५** | सहकारी वैंक | ५,०००।०० | |
| **४१.६** | वचत तथा ऋण र वहुउदेशिय सहकारी संस्था | | |

| | | | |
|---|---|---|---|
| **४१.६.१** | वहुउदेशिय सहकारी संस्था ( रु.२०,००,०००। सम्म कुल पूजी भएको) | २,०००।०० | |
| **४१.६.२** | वहुउदेशिय सहकारी संस्था ( रु.५०,००,०००। सम्म कुल पूजी भएको) | ३,०००।०० | |
| **४१.६.३** | वहुउदेशिय सहकारी संस्था ( रु. १,००,००,०००। सम्म कुल पूजी भएको) | ५,०००।०० | |
| **४१.६.४** | वहुउदेशिय सहकारी संस्था ( रु. १,००,००,०००। भन्दा माथी कुल पूजी भएको) | ८,०००।०० | |
| **४२** | **स्वास्थ्य सेवा** | | |
| **४२.१** | गैरसरकारी अस्पताल/पोलिक्लिनिक | १०,०००।०० | |
| **४२.२** | नर्सिङ्ग होम | २०,०००।०० | |
| **४२.३** | क्लिनिक र ल्याव | १०,०००।०० | |
| **४३** | **शिक्षा सेवा** | | |
| **४३.१** | **नीजि क्षेत्रका शैक्षिक संस्था** | | |
| **४३.१.१** | मन्टेश्वरी वा शिशुस्याहार केन्द्र | ३००० | |
| **४३.१.२** | आधारभूत शिक्षा सम्म | ५,०००।०० | |
| **४३.१.३** | माध्यमिक तहसम्म | १०,०००।०० | |
| **४३.१.४** | नीजि क्षेत्रका क्याम्पस र विश्वविद्यालय | १५,०००।०० | |
| **४३.१.५** | तालिम तथा अनुसन्धान केन्द्र | २,०००।०० | |
| **४३.१.६** | टाईपिङ्ग, कम्प्यूटर तथा भाषा शिक्षण | २,०००।०० | |
| **४४** | अन्तर्राष्ट्रिय गैसस | ५,०००।०० | |
| **४५** | राष्ट्रिय गैसस | | |
| **४५.१** | राष्ट्रिय स्तरीय | २,०००।०० | |
| **४५.२** | जिल्ला स्तरीय | १५०० | |
| **४५.३** | नगर स्तरीय | १००० | |
| **४६** | **मर्मत सम्भार सेवा** | | |
| **४६.१** | हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मर्मत वर्कसप | ५,०००।०० | |

| | | | |
|---|---|---|---|
| **४६.२** | मोटरसाईकल र साईकल मर्मत वर्कसप | ३,०००।०० | |
| **४६.३** | रेडियो, टिभि, हिटर, टेलिफोन सेट आदि मर्मत | १,०००।०० | |
| **४७** | **अन्य सेवा** | | |
| **४७.१** | विज्ञापन सेवा | २,०००।०० | |
| **४७.२** | वैदेशिक रोजगार सेवा | २,०००।०० | |
| **४७.३** | स्वदेशी रोजगार सेवा | २,०००।०० | |
| **४७.४** | सेक्रेटरियल सेवा | २,०००।०० | |
| **४७.५** | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरीद बिक्री (रियल स्टेट) | १०,०००।०० | |
| **४७.६** | व्युटी पार्लर, केश श्रृंगार आदि | १,०००।०० | |
| **४७.७** | ड्राई क्लिनर्स | २,०००।०० | |
| **४७.८** | सिलाई कटाई तथा तालिम | १,५००।०० | |
| **४७.९** | सिलाई कटाई तथा तालिम सटिङ सुटिङ सेन्टर | ५,०००।०० | |
| **४७.१०** | साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | १,५००।०० | |
| **४७.११** | पशु वधशाला | ५,०००।०० | |
| **४७.१२** | माछा पसल | २,०००।०० | |
| **४७.१३** | मासु पसल | ३,०००।०० | |
| **४७.१४** | फूल र विरुवा विक्रेता | १,०००।०० | |
| **४७.१५** | पुल हाउस, स्नूकर | २,०००।०० | |
| **४७.१६** | खोटो व्यवसायी | ३,०००।०० | |
| **४७.१७** | सिसा प्लाईउड विक्रेता | | |
| **४७.१७.१** | रु १ लाखसम्म पूजी लगानी भएको | १,०००।०० | |
| **४७.१७.२** | रु १ लाख भन्दा माथि पूजी लगानी भएको | १,५००।०० | |
| **४७.१८** | भाँडाकुँडा विक्रेता | | |

| | | | |
|---|---|---|---|
| **४७.१८.१** | रु १ लाखसम्म पूजी लगानी भएको | २,०००।०० | |
| **४७.१८.२** | रु १ लाख भन्दा माथि पूजी लगानी भएको | २,५००।०० | |
| **४७.१९** | स्टील, काठ र फर्निचर विक्रेता | ४,०००।०० | |
| **४७.२०** | खेलौना, उपहार विक्रेता | १००० | |
| **४७.२१** | भेटरिनरी पसल | ३,०००।०० | |
| **४७.२२** | कृषि मल पसल | ३,०००।०० | |
| **४७.२३** | कृषि विउ विजन पसल किटनासक औषधी समेत | ५,०००।०० | |
| **४७.२४** | केवुल, नेटवर्किङ्ग | ५००० | |
| **४८** | **अस्थायी हाटवजार वा घुम्ति पसल** | | |
| **४८.१** | घुम्ती (मोवाईल) पसल, थुन्चा समेत | १५ | |
| **४८.२** | चौपाया | | |
| **४८.३** | गाई, भैसी, गोरु, गाई | ५० | |
| **४८.४** | भेडा, बाखा, वंगुर | १० | |
| **४८.५** | हाँस कुखुरा आदि | ५ | |
| **४८.६** | साग सब्जी र फलफूल पसल | ३ | |
| **४९** | **अन्य व्यवसाय कर** | | |
| **४९.१** | पार्क पिकनिक स्पट | १,०००।०० | |
| **४९.२** | क्यासिनो | ५०,०००।०० | |
| **४९.३** | टुर अपरेटर | ३,०००।०० | |
| **४९.४** | मसाज पार्लर | ३,०००।०० | |
| **४९.५** | पाटि प्यालेस | १५,०००।०० | |
| **४९.६** | मोटर पार्ट सामान विकेता | ५,०००।०० | |
| **४९.७** | ट्र्याक्टर पार्ट सामान विकेता | २,०००।०० | |

| | | | |
|---|---|---|---|
| **४९.८** | ड्राइभिङ प्रशिक्षण केन्द्र | ४,०००।०० | |
| **४९.९** | वेकरी उद्योग | ५,०००।०० | |
| **४९.१०** | राजमार्ग छेउछाउका साना होटेल खाजा घर | १,५००।०० | |
| **४९.११** | प्रति पशल थप ( एउटैमा थप व्यवसाय गरेमा) | १,०००।०० | |
| **४९.१२** | आल्मुनियम वर्कशप | ५,०००।०० | |
| **४९.१३** | आल्मुनियम र ग्रिल सँगै भएमा | १२,०००।०० | |
| **४९.१४** | टायर रिसोलिङ सेन्टर | ३,०००।०० | |
| **४९.१५** | दाना उद्योग विक्रेता | ३,०००।०० | |
| **४९.१६** | हार्डवेयर पशल | ५,०००।०० | |
| **४९.१७** | स्टेशनरी पशल | २,०००।०० | |
| **४९.१८** | प्लाइ कारखाना (वाताबरण शुल्क र व्यबशाय) मल्टी परपस | ४००,०००।०० | |
| **४९.१९** | इलेक्टोनिक पसल | ३,०००।०० | |
| **४९.२०** | बाखापालन फर्म | २,०००।०० | |
| **४९.२१** | बगुरपालन फर्म | ३,०००।०० | |
| **४९.२२** | तामा पित्तलको मुर्तिपसल | २,५००।०० | |
| **४९.२३** | व्यायाम शाला | ५००० | |
| **४९.२४** | गाई तथा भैंसी फर्म | २५०० | |
| **४९.२५** | मेकानिकल सामाग्री एवं पाटपूर्जा समेत (पानी तान्ने मोटर मर्मत) | १५०० | |
| **५०** | **कृषी फर्म** | | |
| **५०.१** | फर्म दर्ता | १००० | |
| **५०.२** | नविकरण | ५०० | |
| **५०.३** | नविकरण थप (३ महिना नाघेमा) | ५०० | |
| **५०.४** | प्रतिलिपी | २०० | |

| | | | |
|---|---|---|---|
| **५०.५** | तरकारी पसल | १००० | |
| **५०.६** | जुस तथा फलफूल पसल | १५०० | |
| **५०.७** | चस्मा पसल | २००० | |
| **५०.८** | ट्युसन सेन्टर | २००० | |
| **५१** | **माथि उल्लेख भएका भन्दा वाहेकको व्यवसायहरु (कुल पूजी लगानीको आधारमा)** | | |
| **५१.१** | रु २०,०००।०० सम्म पूजी भएको | ५०० | |
| **५१.२** | रु १,००,०००।०० सम्म पूजी भएको | १,०००।०० | |
| **५१.३** | रु २,५०,०००।०० सम्म पूजी भएको | २,०००।०० | |
| **५१.४** | रु ५,००,०००।०० सम्म पूजी भएको | ३,०००।०० | |
| **५१.५** | रु ५,००,०००।०० भन्दा माथि पूजी भएको | ५,०००।०० | |

## अनुसूची ५

(ऐनको दफा ६ को उपदफा(१) संग सम्बन्धित)

## जडिबुटी, कवाडी, जीवजन्तु करको दर

| क्र. सं. | नाम | ईकाई | दर |
|---|---|---|---|
| (क) | प्राकृतिक, कृतिम, जगर | प्रति केजी | रु १/- |
| (ख) | खोटो | प्रति केजी | रु १ /- |
| (ग) | प्रचलित वन नियमावलीमा लेखीएको जडीबुटीको मुल्य, मात्रा र गुणस्तर हेरी गाउँ सभाले तोके बमोजिमको दर, तर व्यावशायिक खेतीको र स्थानीय उधोगमा अर्ध प्रशोधन हुने जडीबुटीको हकमा आधा दरमा लाग्ने छ । | | |
| (घ) | वनकर (खर), बाबियो प्रति महलपत्ता, छ्वाली, पराल, बगास, निगाँलो, लाक्ता, पटेर, अम्लीसो, कुचो, बाँस, सिसौ, साल (चट्टा, गोलीया, चिरान) सम्वन्धित निकायको चलानीको आधारमा) | प्रति गाडी, ट्राक्टर | रु २००/- |
| | | प्रति गोटा | रु १ /- |
| | | प्रति ट्रक | रु ५००/- |
| (च) | भट्टामा प्रयोग गरिने माटो | प्रति वर्ग मिटर | रु २/- |
| | ईट्टा | प्रति एक हजार गोटामा | रु ५०/- |
| (छ) | सुर्तीको डण्डल, कतरनल नसल | प्रति केजी | रु २/- |
| (ज) | सालको बियाँ | प्रति केजी | रु ५/- |
| (झ) | सल्लाको सिम्टा | प्रति केजी | रु २/- |
| | | | |
| (ञ) | मिनरल वाटर | प्रति दर्जन | रु १०/- |

(२) स्वदेशमा स्थापना भएको उद्योगहरुले जे-जस्तो अवस्थामा छ सोही रुपमा पुनः प्रयोग (रि-युज) गर्ने देहाय वमोजिमका वस्तूमा उत्पादन स्थलमा वा संकलन केन्द्रमा देहाय करउठाईनेछ :

| क्र. सं. | नाम | ईकाई | दर |
|---|---|---|---|
| (क) | खाली सिसि र वियर वोतल | प्रति गोटा | रु १/- |
| (ख) | खाली सिसि मदिरा र अन्य ५०० एम एल भन्दा माथी | प्रति गोटा | रु १/- |
| (ग) | खाली सिसि मदिरा र अन्य ५०० एम एल भन्दा तल | प्रति गोटा | रु १/- |

| | | | |
|---|---|---|---|
| (घ) | प्लाष्टीकको वोतल, भाँडाँ कुँडा, पुराना जुत्ता, चप्पल, ग्यालीन, जर्किन आदी | प्रति केजी | रु १ /- |
| (ङ) | खाली बोराः<br>१) ५० केजी सम्म खाद्दान्न अट्ने प्लाष्टीक बोरा | प्रति केजी | रु २/- |
| | २) ५० केजी सम्म खाद्दान्न अट्ने जुटका बोरा | प्रति केजी | रु २/- |
| | ३) १००० केजी सम्म खाद्दान्न अट्ने जुटका बोरा | प्रति केजी | रु ३/- |
| (च) | तेलको टीनः<br>१) १० ली. भन्दा बढी अट्ने ठुलो | प्रति गोटा | रु ३/- |
| | २) १० ली भन्दा कम अट्ने सानो | प्रति गोटा | रु २ /- |

(३) पुनः प्रशोधन (रिसाईकलिङ्ग)गरि पुनः प्रयोग हुनसक्ने देहाय बमोजिमको दरमाकर उठाईनेछ ।

| क. सं. | नाम | ईकाई | दर |
|---|---|---|---|
| (क) | भिण्डु, प्राकृतीक, कृतीम, उनका टुक्रा | प्रति केजी | रु ३/- |
| (ख) | गार्मेण्टको कपडाको टुक्रा | प्रति केजी | रु ३/- |
| (ग) | जलेको मोविल | प्रति केजी | रु २/- |
| (घ) | जुट र प्लाष्टीकका बोरा | प्रति केजी | रु २/- |
| (ङ) | कार्पेटका टुक्रा | प्रति केजी | रु ३/- |
| (च) | टायर ट्युब | प्रति केजी | रु ३/- |
| (छ) | थोत्रो टिन | प्रति केजी | रु २/- |
| (ज) | पुरानो ड्रम | प्रति केजी | रु २/- |
| (झ) | पुराना कागज<br>क, अखबार, (न्युज प्रीण्ट) | प्रति केजी | रु २/- |
| | ख, अन्य कागज (काटुन) समेत) | प्रति केजी | रु २/- |
| (ञ) | धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएका धातुका सामानहरु | | |
| | १. फलाम | प्रति केजी | रु ३/- |
| | २. अन्य धातु, पीत्तल, तामा आदी | प्रति केजी | रु ७/- |
| | ३. थोत्रीयर काम नलाग्ने मेसिनरी औजार | प्रति केजी | रु ५/- |
| (ट) | पोलीथीन पाइपका टुक्राहरु | प्रति केजी | रु ५ /- |
| (ठ) | सिसा लिडको धुलो वा टुक्रा | प्रति केजी | रु ५ /- |
| (ड) | काँचको धुलो र टुक्रा | प्रति केजी | रु २/- |

(४) प्रचलित कानुनले निशेधित गरे बाहेकका पन्छीहरु जस्तैः हाँस, कुखुरा जस्ता पन्छीका प्वाँखमा प्रति केजी रु. ५/- लाग्नेछ ।

**अनुसूची ६**

(ऐनको दफा ७ को उपदफा(२) संग सम्बन्धित)

## सवारी साधन करको दर

| क्र.स. | सवारी साधनको किसिम | दर्ता | नविकरण/वार्षिक करको दर (रकम रु) | कैफियत |
|---|---|---|---|---|
| १. | अटोरिक्सा | २५००.०० | १५००.०० | |
| २. | विद्युतीय रिक्सा | २२००.०० | १२००.०० | |
| ३. | टाँगा | ७००.०० | ३००.०० | |
| ४. | रिक्सा | ९००.०० | ५००.०० | |

## अनुसूची ७

(ऐनको दफा ८ को उपदफा(१) संग सम्बन्धित)

## विज्ञापन करको दर

| १ | **विज्ञापन कर** | **करको दर (रु)** |
|---|---|---|
| क | डि.पि.एस्. बोर्डमा १० ब.फि. सम्म प्रति बोर्डको वार्षिक | १५०.०० |
| ख | डि.पि.एस्. बोर्डमा १० ब.फि. भन्दा माथि प्रति वर्ग फिट | ४०.०० |
| ग | प्रचार, प्रसार पर्चा पम्प्लेट प्रति पाना | १.०० |
| घ | ब्यापारिक तथा ब्यवसायिक प्रयोजनका होर्डिङबोर्डहरुमा प्रति स्क्वा.फुट | ४०.०० |
| ङ | ब्यापारिक तथा ब्यवसायिक प्रयोजनका फ्लेक्स प्रति स्क्वा.फुट | १०.०० |
| च | कपडाको तुल र फ्रेम नगरिएको फ्लेक्स ब्यानर प्रति थान प्रति पटक | १५०.०० |
| छ | वाल पेन्टिङ गरी प्रचार प्रसारको दृष्टिकोणले घरको भित्ता वा पर्खालमा लेखिएकोमा वार्षक प्रति स्क्वा.फुट | ३.०० |
| ज | एक दिनको प्रचार प्रसार गर्ने कार्यक्रम लाई (प्रतिदिन) | ५००.०० |
| झ | डिजिटल होर्डिङ बोर्ड | ५०००.०० |

**अनुसूची ८**

(ऐनको दफा ९ को उपदफा(१) संग सम्बन्धित)

## मनोरञ्जन करको दर

| **क.स.** | **मनोरञ्जनको किसिम** | **वार्षिक करको दर (रकम रु)** | **कैफियत** |
|---|---|---|---|
| १. | सिनेमा हल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, | प्रबेश शुल्कको ५ प्रतिशत | |
| २. | जादू, सर्कस, चटक प्रतिदिन | ५००।०० | |
| ३ | ऐतिहाँसिक, धार्मीक स्थल, पार्क, पौडी पोखरी, पोखरी (प्राकृतिक तथा मानव निर्मित), मनोरञ्जन स्थल आदिमा | प्रवेश शुल्कको १० प्रतिशत | |

## अनुसूची ९

(ऐनको दफा १०को उपदफा(१) संग सम्बन्धित)

### बहाल बिटौरी शुल्कको दर

१. अरनिको राजमार्ग, वि.पि राजमार्ग, समाजकल्याण चोक - पाँचखाल नगरपालिका सँग जोडिएको स्थानको हकमा निम्न बमोजिम शुल्क लाग्ने छ।

क. पक्की घर मासिक प्रति स्क्वायर फिट रु.३।५०

ख. कच्ची घर/ट्रस मासिक प्रति स्क्वायर फिट रु.५

२. जीरो किलो - फेदी सडक, लामिडाँडाँ - पलाञ्चोक - कोशिदेखा सडक सँग जोडिएको स्थानमा निम्न बमोजिम शुल्क लाग्ने छ।

क. पक्की घर मासिक प्रति स्क्वायर फिट रु.२

ख. कच्ची घर/ट्रस मासिक प्रति स्क्वायर फिट रु.३

३. अन्य स्थानमा निम्न बमोजिम शुल्क लाग्ने छ।

क. पक्की घर मासिक प्रति स्क्वायर फिट रु.१।५०

ख. कच्ची घर/ट्रस मासिक प्रति स्क्वायर फिट रु.२।५०

## अनुसूची १०

(ऐनको दफा ११को उपदफा(१) संग सम्बन्धित)

### पार्किङ्ग शुल्कको दर

| क्र.सं. | सवारीको किसिम | प्रति घण्टा (रु) | कैफियत |
|---|---|---|---|
| **१.** | **तोकेको पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गरिने** | | |
| क) | बस, मिनीबस | २० | |
| ख) | ट्रक, ट्याक्टर | १५ | |
| ग) | जीप, कार, भ्यान | १० | |
| घ) | मोटरसाईकल | ५ | |
| ङ) | साइकल | ५ | |
| च) | गाडा (गोरु वा अन्य) | ५ | |
| **२.** | **बस पार्कमा पार्किङ्ग गरिने** | | |
| क) | बस, मिनीबस | २० | |
| ख) | ट्रक, ट्याक्टर | १५ | |
| ग) | जीप, कार, भ्यान | १० | |
| ३. | अन्य सवारी | २० | |

## अनुसूची ११

(ऐनको दफा १२ को उपदफा(४) संग सम्बन्धित)

### सेवा शूल्क, दस्तुरको दर

| क.स | क्रियाकलापहरु | प्रति एकाई | तोकिएको दर रु. |
|---|---|---|---|
| | **दर्ता र नविकरण दस्तुर** | | |
| | **व्यक्तिगत घटना दर्ता** | | |
| १ | घटना घटेको ३५ दिन सम्म | | निशुल्क |
| २ | प्रमाणपत्र दस्तुर (३६ दिन देखि १ वर्ष सम्म) | पटक | १०० |
| ३ | १ वर्ष नाघेमा जरिवाना | प्रति पटक | २५ |
| ४ | प्रमाणपत्रको प्रतिलिपी | पटक | १०० |
| | **नक्सा पास दस्तुर (नयाँ तथा पुरानो)** | | |
| १ | सुर्खिचुना जोडाई १ तल्ला मात्र ३०० वर्ग फिट सम्म | पटक | २,०००।०० |
| २ | साविक वमोजिम भवन तथा घर मर्मत स्वीकृति ( प्राविधिक प्रतिवेदनको आधारमा) | | २ प्रतिशत |
| ३ | अस्थाइ टहरा आवास | प्रति वर्ग फिट | २ |
| ४ | अस्थायी टहरा होटेल उद्योग आदि | " | ५ |
| ५ | माटो जोडाई पक्की घर | " | ३ |
| ६ | सिमेन्ट जोडाईको पक्की घर भूई तला | " | ८ |
| ७ | सिमेन्ट जोडाईको पक्की घर पहिलो तला देखि माथि | " | १२ |
| ८ | व्यवसायिक/व्यावसायिक तथा आवासिय (सटर राखिएको) भवन | " | १५ |
| ९ | होटेल व्यवसाय , सपिङ्ग कम्प्लेक्स, ३ तल्ला भन्दा बढीको भवनको लागि | " | २५ |
| १० | निर्माण भईसकेको घरको पछि नक्सा पास गर्दा मापदण्डभित्र रहेछ भने नियमित दस्तुर | " | १५ |
| ११ | माटोको जोडाइ सबै, २ कोठा र प्यासेज छाना जस्ताको छाना भएको भवनको | वटा | १५०० |
| १२ | कम्पाउण्ड वाल सिमेन्ट जोडाई | प्रति वर्ग फिट | ५ |
| १३ | कम्पाउण्ड वाल माटो जोडाई | " | २ |
| १४ | न पा हुनु अगावै निर्माण भएको घरमा तल्ला थप गर्दा पहिलो निर्माण भए जति घरको हकमा प्रमाणित दस्तुर | " | ५ |

| | | | |
|---|---|---|---|
| १५ | नक्सा नामसारी दस्तुर | " | सुरुमा नक्सा पास गर्दा लाग्ने दस्तुर |
| १६ | घर निर्माण सरसफाई धरौटी | " | २,०००।०० |
| १७ | पुरानो गाविसबाट राजस्व लिई निर्माण इजाजत पाएका भवन नियमित वापत | " | ५ |
| १८ | नगरपालिका भईसकेपछि निर्माण स्विकृति लिएका घरको नियमित गर्नको लागि थप राजस्व | " | ५ |
| १९ | पुरानो अस्थाइ साधारण टहरा सिफारिस (निर्माण सम्पन्न भई सकेका) आवास | " | ३ |
| २० | पुरानो अस्थाइ साधारण टहरा सिफारिस (निर्माण सम्पन्न भई सकेका) व्यापारिक | " | ७ |
| २१ | स्वीकृती लिएका भन्दा बढी निर्माण भएको भवनको जरिवाना दस्तुर | " | २० |
| २२ | प्रतिलिपी प्रमाण पत्र दस्तुर (डि.पी.सि. इजाजत, भवन निर्माण इजाजत, निर्माण सम्पन्न प्रमाणपत्र) | | ५०० |
| २३ | नक्सा नविकरण दस्तुर (नक्सा पास गर्दा लाग्ने राजस्वको १०% | | ० |
| २४ | भवन आंशिक निर्माण सम्पन्न प्रमाणपत्र वापतको दस्तुर | वटा | ५०० |
| २५ | भवन निर्माण सम्पन्न प्रमाणपत्र वापतको दस्तुर | वटा | ५०० |
| २६ | नक्सा पास उजुरी दस्तुर | वटा | ५०० |
| २७ | नक्सा संशोधन दस्तुर | प्रति वर्ग फिट | ३० |
| **दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा)** | | | |
| **सिफारिस तथा वक्सौनी दस्तुर** | | | |
| **१** | **सामान्य सिफारिसहरु** | | |
| क | नाम थर सम्सोधन सिफारिस | गोटा | १०० |
| ख | नेपाली नागरिता प्रमाणपत्र (वंशज) सिफारिस | " | १०० |
| ग | नेपाली नागरिकता प्रतिलिपी | " | २०० |
| घ | नेपाली नागरिता प्रमाणपत्र (विवाहित अंगिकृत र अंगिकृत) सिफारिस | " | १,०००।०० |
| ङ | वैदेशिक प्रयोजनार्थ नाता प्रमाणित | " | १००० |
| च | संस्था दर्ता सिफारिस | " | ५०० |
| छ | साधारण विविध सिफारिस | " | २०० |
| ज | उजरी दर्ता तथा प्रतिवादी दस्तुर | पटक | ५०० |
| झ | तीन पुस्ते फोटो टाँस सिफारिस | रोपनी | २०० |

| | | | |
|---|---|---|---|
| ञ | असहाय र अपाँग, दैवि प्रकोप छात्रवृत्तिको सिफारिस | गोटा | नि:शुल्क |
| २ | **जग्गा नामसारी सिफारिस** | | |
| क | अरनिको राजमार्गले छोएको दुवै तर्फका जग्गा सडकवाट २०० सय मिटरसम्म भित्र | रोपनी | ५०० |
| ख | अन्य सवै जग्गा | रोपनी | २०० |
| ग | जोत नामसारी सिफारिस | रोपनी | २०० |
| घ | **घरजग्गा दर्ता** | | |
| अ | अरनिको राजमार्गले छोएको दुवै तर्फका जग्गा सडकवाट २०० सय मिटरसम्म भित्र | रोपनी | ५०० |
| आ | अन्य सवै जग्गा | " | २०० |
| ङ | विर्ता जग्गा नामासारी | " | ५०० |
| च | जोत छोडपत्र र नाम कट्टा | " | ५०० |
| छ | गुठी जग्गा राजगुठीमा र रैतान नम्वरीमा परिणत दर्ता नामसारी | " | ६०० |
| ज | स्ववासी जग्गाको हक परिणत | " | २०० |
| झ | स्ववासी जग्गाको हक परिणत घर भए प्रति घर थप | " | २०० |
| ञ | छुट दर्ताको सिफारिस | " | ६०० |
| ट | अंसियार सिफारिस | गोटा | ३०० |
| ठ | पुर्जामा घर कायम सिफारिस | गोटा | ३०० |
| ३ | **चार किल्ला प्रमाणित** | | |
| क | राष्ट्रिय राजमार्ग (अरनिको राजमार्ग, सिन्धुली वर्दिवास राजमार्ग) | प्रति कित्ता | १००० |
| ख | फिडर तथा जिल्ला सडकले छोएका जग्गाहरु | प्रति कित्ता | ९०० |
| ग | नगर स्तरीय क वर्गको सडकसग जोडिएको जग्गाहरु | प्रति कित्ता | ७०० |
| घ | नगर स्तरीय ख वर्गको सडकसग जोडिएको जग्गाहरु | प्रति कित्ता | ६०० |
| ङ | नगर स्तरीय ग वर्गको सडकसग जोडिएको जग्गाहरु | प्रति कित्ता | ५०० |
| च | नगर स्तरीय घ वर्गको सडकसग जोडिएको जग्गाहरु | प्रति कित्ता | ४०० |
| छ | अन्य सवै जग्गाहरु | " | ३०० |
| ज | चार किल्ला प्रमाणित उद्योग र होटेल जुनसुकै वडाको | " | ३,०००।०० |
| झ | अपुतालि सिफारिस | " | ६०० |
| ञ | मोही लगत कट्टा सिफारिस | " | ५०० |
| ट | मोही नामसारी सिफारिस | " | २०० |
| ठ | मोही दर्ता सिफारिस | " | २०० |

| | | | |
|---|---|---|---|
| ४ | **उद्योग दर्ता सिफारिस** | | |
| क | रु दशलाख सम्म पूजी लगानी हुनेमा | पटक | ५,०००।०० |
| ख | त्यसपछि प्रति दशलाखमा थप | " | १००० |
| ग | डिलरसिप सिफारिस | " | ३,०००।०० |
| ५ | **धारा विजुली जडान सिफारिस दस्तुर** | | |
| क | धारा विजुली जडान सिफारिस | " | २०० |
| ख | धारा विजुली नामसारी सिफारिस | " | २०० |
| ६ | **घर व्लक नम्वर दस्तुर** | | |
| क | घर व्लक नंवर (नयाँ) | " | २०० |
| ख | घर व्लक नं नामसारी | " | २०० |
| ७ | **वार्षिक आम्दानी प्रमाणित दस्तुर (कुल मुल्यांकन रकमको आधारमा)** | | |
| क | वैदेशिक रोजगार वा अध्ययनमा जाने नागरिक वा निजको परिवार | " | ०.३ प्रतिशत |
| ख | कृषि प्रयोजनको लागि | " | ०.१० प्रतिशत |
| ग | आवस तथा अन्य प्रयोजन | | ०.१५ प्रतिशत |
| घ | व्यापारिक प्रयोजनको लागि | " | ०.३० प्रतिशत |
| ८ | **घर वाटो प्रमाणित दस्तुर (घरवाटो सिफारिस)** | | |
| ८.१ | **वि. पि./अरनिको राजमार्गले छोएको जग्गा** | | |
| क | दुई आनासम्मको लागि | पटक | ३०० |
| ख | चार आनासम्मको लागि | " | ६०० |
| ग | आठ आनासम्मको लागि | " | १,५००।०० |
| घ | एक रोपनी सम्मको लागि | " | २,५००।०० |
| ङ | एक रोपनी देखि तीन रोपनीसम्मको लागि | " | ४,०००।०० |
| च | तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि | " | ६,०००।०० |
| छ | पाँच रोपनी देखि दश रोपनीसम्मको लागि | " | ८,०००।०० |
| ज | दश रोपनी देखि माथि | " | १६,०००।०० |
| ८.२ | **फिडर सडक एवं जिल्ला सडक** | | |
| क | दुई आनासम्मको लागि | " | ३०० |
| ख | चार आनासम्मको लागि | " | ५०० |
| ग | आठ आनासम्मको लागि | " | १००० |
| घ | एक रोपनी सम्मको लागि | " | २,०००।०० |
| ङ | एक रोपनी देखि तीन रोपनीसम्मको लागि | " | ३,०००।०० |
| च | तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि | " | ४,०००।०० |

| | | | |
|---|---|---|---|
| छ | पाँच रोपनी देखि दश रोपनीसम्मको लागि | " | ७,०००।०० |
| ज | दश रोपनी देखि माथि | " | १२,०००।०० |
| **८.३** | **नगर स्तरिय “क” वर्गको सडक** | | |
| क | दुई आना सम्म | " | २०० |
| ख | चार आनासम्मको लागि | " | ४०० |
| ग | आठ आनासम्मको लागि | " | ८०० |
| घ | एक रोपनी सम्मको लागि | " | १५०० |
| ङ | एक रोपनी देखि तीन रोपनीसम्मको लागि | " | २५०० |
| च | तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि | " | ३,०००।०० |
| छ | पाँच रोपनी देखि दश रोपनीसम्मको लागि | " | ५,०००।०० |
| ज | दश रोपनी देखि माथि | " | १०,०००।०० |
| **८.४** | **नगर स्तरिय “ख” वर्गको सडक** | | |
| क | दुई आना सम्म | " | १७५।०० |
| ख | चार आनासम्मको लागि | " | ३५०।०० |
| ग | आठ आनासम्मको लागि | " | ६००।०० |
| घ | एक रोपनी सम्मको लागि | " | १,२००।०० |
| ङ | एक रोपनी देखि तीन रोपनीसम्मको लागि | " | २,०००।०० |
| च | तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि | " | २,५००।०० |
| छ | पाँच रोपनी देखि दश रोपनीसम्मको लागि | " | ४,०००।०० |
| ज | दश रोपनी देखि माथि | " | ८,०००।०० |
| **८.५** | **नगर स्तरिय “ग” वर्गको सडक** | | |
| क | दुई आना सम्म | " | १५०।०० |
| ख | चार आनासम्मको लागि | " | ३००।०० |
| ग | आठ आनासम्मको लागि | " | ५००।०० |
| घ | एक रोपनी सम्मको लागि | " | १,०००।०० |
| ङ | एक रोपनी देखि तीन रोपनीसम्मको लागि | " | १,५००।०० |
| च | तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि | " | २,०००।०० |
| छ | पाँच रोपनी देखि दश रोपनीसम्मको लागि | " | ३,०००।०० |
| ज | दश रोपनी देखि माथि | " | ६,०००।०० |
| **८.६** | **नगर स्तरिय “घ” वर्गको सडक** | | |
| क | दुई आना सम्म | " | १००।०० |
| ख | चार आनासम्मको लागि | " | २५०।०० |
| ग | आठ आनासम्मको लागि | " | ४००।०० |
| घ | एक रोपनी सम्मको लागि | " | ८००।०० |
| ङ | एक रोपनी देखि तीन रोपनीसम्मको लागि | " | १,२००।०० |
| च | तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि | " | १,५००।०० |
| छ | पाँच रोपनी देखि दश रोपनीसम्मको लागि | " | २,०००।०० |

| | | | |
|---|---|---|---|
| ज | दश रोपनी देखि माथि | " | ५,०००।०० |
| **८.७** | **गोरेटो र घोडेटो बाटो सँग जोडिएको** | | |
| क | दुई आना सम्म | " | ५०।०० |
| ख | चार आनासम्मको लागि | " | १५०।०० |
| ग | आठ आनासम्मको लागि | " | ३००।०० |
| घ | एक रोपनी सम्मको लागि | " | ६००।०० |
| ङ | एक रोपनी देखि तीन रोपनीसम्मको लागि | " | १,०००।०० |
| च | तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि | " | १,२००।०० |
| छ | पाँच रोपनी देखि दश रोपनीसम्मको लागि | " | १,५००।०० |
| ज | दश रोपनी देखि माथि | " | ३,०००।०० |
| **८.८** | **कुनै पनि बाटो सँग नजोडिएको** | | |
| क | दुई आना सम्म | " | २५।०० |
| ख | चार आनासम्मको लागि | " | १००।०० |
| ग | आठ आनासम्मको लागि | " | १५०।०० |
| घ | एक रोपनी सम्मको लागि | " | ४००।०० |
| ङ | एक रोपनी देखि तीन रोपनीसम्मको लागि | " | ८००।०० |
| च | तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि | " | १,०००।०० |
| छ | पाँच रोपनी देखि दश रोपनीसम्मको लागि | " | १,२००।०० |
| ज | दश रोपनी देखि बिस रोपनी सम्म | " | २,०००।०० |
| झ | बिस रोपनी भन्दा माथि | | ४,०००।०० |
| **९** | **नाता जन्म तथा अन्य प्रमाणित दस्तुर** | | |
| क | नाता प्रमाणित | पटक | ३०० |
| ख | जन्म प्रमाणित | " | ३०० |
| ग | कर चुक्ता प्रमाणित | " | २०० |
| घ | विवाहित/अविवाहित प्रमाणित | " | ५०० |
| ङ | दुवै एकै भएको प्रमाणित | " | ३०० |
| च | सर्जमिन मुचुल्का | | ५०० |
| छ | नावालिक परिचय पत्र | " | १०० |
| **१०** | **सार्वजनिक सुविधा उपयोग सेवा शुल्क** | | |
| १०.१ | **सरसफाई तथा फोहरमैला व्यवस्थापन शुल्क** | | |
| १०.१.१ | **होटेल व्यवसाय** | | |
| क | “क” वर्गको लागि | मासिक | ५००।०० |
| ख | “ख” वर्गको लागि | " | ४५०।०० |
| ग | “ग” वर्गको लागि | " | ४००।०० |
| १०.१.२ | साना होटेल रेष्टुराँ र गेष्टहाउस खाना सहित | " | ३००।०० |
| क | साना जलपानगृह, खाजाघर | " | १५०।०० |

| | | | |
|---|---|---|---|
| ख | मदिरा सहित भएमा थप | " | १००।०० |
| ग | तरकारी तथा फलफुल पसल | " | २००।०० |
| घ | व्यक्तिगत घरबाट निस्कने | " | १५०।०० |
| १०.१.३ | **शिक्षण संस्था** | | |
| क | विश्वविद्यालय | " | १,०००।०० |
| ख | क्याम्पस | " | १,०००।०० |
| ग | मावि सम्मको विद्यालय | " | ५००।०० |
| १०.१.४ | **अन्य क्षेत्रहरु** | | |
| क | सरकारी तथा गैरसरकारी कार्यालयहरु | " | ३००।०० |
| ख | अन्य घर तथा गोदामहरु | " | ५००।०० |
| ग | सान तथा मझौला उद्योग | " | ५००।०० |
| घ | ठुला उद्योग | | १,०००।०० |
| ङ | ईलेक्ट्रिकल पसल | " | ३००।०० |
| च | छापाखाना | " | ५००।०० |
| छ | सञ्चार सम्वन्धि व्यवसाय | " | ३००।०० |
| ज | व्यूटि पार्लर र सैलुन | " | २००।०० |
| झ | फोटो स्टुडियो | " | २००।०० |
| ञ | हार्डवेयर पसल | " | ४००।०० |
| ट | किचेन सामाग्री विक्रेता (भाँडाकुँडा) | " | ३००।०० |
| ठ | फर्निचर विक्रेता | " | ४००।०० |
| ड | काष्ठ उद्योग | " | ५००।०० |
| ढ | कुटनी, पिसनी र पेलानी मिल | " | ४००।०० |
| ण | रेडिमेड कपडा पसल | " | ३००।०० |
| त | स्टेशनरी पसल (मसलन्द) | " | २००।०० |
| थ | जुत्ता चप्पल पसल | " | ३००।०० |
| द | जुत्ता सिलाउँने पसल | " | १५०।०० |
| ध | छात्रवास | " | ५००।०० |
| न | किराना पसल | " | २००।०० |
| प | माछा/मासु पसल | " | ३००।०० |
| फ | मोटरसाईकल/साईकल वर्कसप | " | ५००।०० |
| ब | टेलरिङ्ग | " | १५०।०० |
| भ | सृङ्गार /चुरा पसल | " | १५०।०० |
| म | अन्य व्यवसाय | " | १५०।०० |
| ११ | **शौचालय प्रयोग शुल्क** | | |
| क | दिशा | पटक | १० |
| ख | पिसाव | " | ५ |
| ग | स्नान | " | ५० |

| | | | |
|---|---|---|---|
| **१२** | **अन्य सुविधा शुल्कहरु** | | |
| १२.१ | **सार्वजनिक सडक वत्ती सेवा शुल्क** | वार्षिक | |
| १२.२ | **विपद् व्यवस्थापन सेवा शुल्क** | " | |
| १२.३ | **नापी सेवा शुल्क** | " | |
| क | डिजिटल नापी प्रति कित्ता | " | २,०००।०० |
| ख | नापी सेवा प्रति कित्ता (अमिन) २ रोपनी सम्मको कित्ता | " | १,०००।०० |
| ग | नापी सेवा शुल्क प्रति कित्ता (अमिन) २ देखि ५ रोपनी सम्मको कित्ता | " | १,५००।०० |
| घ | नापी सेवा शुल्क प्रति कित्ता (अमिन) ५ रोपनी देखि माथीको कित्ता | " | २,५००।०० |
| १२.४ | **निजी क्षेत्रको टेलीफोन, केवल पोल शुल्क** | | |
| क | सिमेन्टको पोल | " | १,२००।०० |
| ख | काठको पोल | " | १,०००।०० |
| ग | फलामको पोल | " | १,५००।०० |
| १२.५ | **मोवाईल टावर** | " | १५,०००।०० |
| १२.६ | **एफ एम / सञ्चार टावर** | " | १०,०००।०० |
| १२.७ | **टेलिभिजन टावर** | " | १२,०००।०० |
| १२.८ | **नगरको हल प्रयोग तथा व्यवस्थापन शुल्क** | **पटक** | २,०००।०० |
| **१३** | **दण्ड जरिवाना** | | |
| १३.१ | **विलम्व शुल्क** | | |
| क | व्यवसाय कर प्रत्येक वर्ष नवुझाए वापत जरिवाना | वार्षिक | २० प्रतिशत |
| ख | घरजग्गा कर प्रत्येक वर्ष नवुझाएवापत जरिवाना | " | २० प्रतिशत |
| ग | मालपोत रसिदको प्रतिलिपी | पटक | १०० |
| १३.२ | **सार्वजनिक स्थानमा निर्माण सामाग्री थुपारे वापत** | | |
| क | दैनिक लाग्ने शुल्क | दिन | १०० |
| ख | अन्यथा भएमा जरिवाना | | |
| १३.३ | **निशेधित स्थानमा भारी सवारी साधन प्रवेश गरेवापत** | | |
| क | पहिलो पटक | पटक | ५०० |
| ख | दोश्रो पटक | " | १,०००।०० |
| ग | दुई भन्दा वढी पटकको प्रति पटक | " | १,०००।०० |
| **१४** | **अन्य विक्री** | | |
| १४.१ | निवेदन फारम | गोटा | १५ |
| १४.२ | नाता प्रमाणित निवेदन फारम | " | ५० |
| १४.३ | नागरिता फारम | " | २० |

| | | | |
|---|---|---|---|
| १४.४ | नक्सा दर्ता किताव | " | ५०० |
| १४.५ | अन्य | पटक | ५ |
| **१५** | **अचल सम्पत्ति मुल्यांकन सेवा शुल्क** | | |
| १५.१ | रु १ लाख देखि १० लाखसम्म | एकमुष्ट | ५००।०० |
| १५.२ | रु १० लाख १ देखि २० लाखसम्म | एकमुष्ट | २०००।०० |
| १५.३ | रु २० लाख १ देखि ३० लाखसम्म | एकमुष्ट | ३,५००।०० |
| १५.४ | रु ३० लाख १ देखि ५० लाखसम्म | एकमुष्ट | ५,०००।०० |
| १५.५ | रु ५० लाख १ देखि १ करोडसम्म | एकमुष्ट | १०,०००।०० |
| १५.६ | रु १ करोड १ देखि ५ करोडसम्म | एकमुष्ट | १५,०००।०० |
| १५.७ | रु ५ करोड १ भन्दा माथि | एकमुष्ट | २५,०००।०० |
| **१६** | **घ वर्ग को निर्माण व्यवसायी** | | |
| १६.१ | इजाजत पत्र | | ५,०००।०० |
| १६.२ | इजाजत पत्र नविकरण | | ३,०००।०० |
| १६.३ | इजाजत पत्र नविकरण थप ( तीन महिना नाघेमा ) | | ३,०००।०० |
| १६.४ | प्रतिलिपी | | १,०००।०० |

## अनुसूची १२

(ऐनको दफा १३ को उपदफा (३) संग सम्बन्धित)

### विक्री तथा निकासी शुल्क दस्तुरको दर

| सि नं | क्रियाकलापहरु | एकाई | तोकिएको दर रु. |
|---|---|---|---|
| | IEE तोकिका, खोला तथा नदि किनारको गिट्टी, ढुंगा, बालुवा | | |
| १ | बिक्रि | क्यु फिट | ५ |
| २ | निकासी | क्यु फिट | ३ |
| ३ | ग्राबेल बिक्री कर | क्यु फिट | ३ |